# सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल
## (आप्रवासन सञ्जाल)
## National Network for Safe Migration

Regd. No.
DAO : 1339/064/065
SWC : 37539/070/071
Pan : 304227361


Ref. No.:

**प्रेस विज्ञप्ति**

**नेपाली राजनीतिक दलका घोषणापत्रमा वैदेशिक रोजगारीसम्बन्धी मुद्दा समावेश गर्न अपिल**

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (NNSM) नेपाली श्रमिक र श्रमिकका परिवारको हक अधिकार संरक्षणमा समर्पित गैर सरकारी संस्थाहरूको एकमात्र छाता संगठन हो । विशेषगरी, नेपाली प्रवासी श्रमिकले वैदेशिक रोजगारीका क्रममा भोग्नुपरेका समस्या तथा चुनौतीहरू समाधान गर्नका लागि समन्वयकारी दृष्टिकोणको आवश्यकतालाई ध्यानमा राखेर वि.स. २०६५ सालमा यस सञ्जालको स्थापना भएको हो । नेपालका सातै प्रदेशमा पहुँच रहेका ३८ सदस्य संस्थाहरू मार्फत सञ्जालले प्रवासी श्रमिक र श्रमिकका परिवारको हक अधिकार संरक्षणका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा नीतिगत पैरवी गर्दै आइरहेको छ ।

नेपालका उर्जाशील र इच्छाशक्ति सम्पन्न अधिकांश युवाहरू आफ्नो जीवनको महत्वपूर्ण समय विदेशमा श्रम गरी बिताइरहेका छन् । ती सबै बालिग मताधिकार प्राप्त युवाहरू नेपाली राजनीतिक अधिकारबाट वञ्चित भईरहेता पनि उनीहरूले पठाउने विप्रेषण (remittance) ले देशको आर्थिक विकासमा उल्लेखनीय योगदान पुर्‍याएको पाइन्छ। आर्थिक वर्ष २०८१/८२ मा १७ खर्ब २३ अर्ब २७ करोड रूपैयाँ विप्रेषण आप्रवाह भएको थियो । नेपालको अर्थतन्त्रमा मेरुदण्डका रूपमा रहेका वैदेशिक रोजगारीमा संलग्न नेपाली श्रमिकहरू वैदेशिक रोजगारीका चक्रमा सामाजिक, आर्थिक र कानूनी रूपमा विभिन्न चुनौतीको सामना गर्न बाध्य छन्।

यस सन्दर्भमा, २०८२ साल फागुन २१ गतेका लागि तोकिएको आम निर्वाचनको सिलसिलामा हामी नेपालका सबै राजनीतिक दलहरूलाई आफ्नो घोषणापत्र (manifesto) मा वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूका देहायबमोजिमका मुद्दाहरूलाई प्राथमिकताका साथ समावेश गर्न हार्दिक आग्रह गर्दछौं।

- विद्यमान् वैदेशिक रोजगार कानूनलाई श्रमिकको हकहित अनुकूल बनाउन संशोधन गरी श्रम आप्रवासन र श्रमिकको संरक्षणसम्बन्धी नीति तथा कानून कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्ने;
- श्रमिक भर्नाको सम्पूर्ण प्रकृयालाई स्वच्छ तथा न्यायोचित (fair and ethical recruitment) बनाउन, भर्नाशुल्क तथा आप्रवासन लागतको बोझ श्रमिकमा नपर्ने सुनिश्चित गर्नु पर्ने;
- समग्र रोजगार क्षेत्रमा न्यायोचित अभ्यासको सुनिश्चितताका लागि संयुक्त राष्ट्रसंघीय महासन्धी, ILO अभिसन्धी, व्यवसाय र मानव अधिकारसम्बन्धी सिद्धान्तलगायतका अन्तरराष्ट्रिय कानुनहरू अनुमोदन गरी तदनुशार नीतिनियम तर्जुमा गर्नु पर्ने;
- वैदेशिक रोजगारीमा रहेका श्रमिक तथा तिनका परिवारका लागि सामाजिक सुरक्षा (social protection) र पुनःएकीकरण (reintegration) सम्बन्धी सरल, सहज र पहुँचयुक्त कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने;
- वैदेशिक रोजगारीमा जाने श्रमिकको सीप तथा क्षमता विकास गरी वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको सीप, ज्ञान र पूँजीको सदुपयोग गर्नु पर्ने;
- संविधान प्रदत्त रोजगारीको हक उपभोग गर्ने विषयमा वैदेशिक रोजगारीमा महिलाहरूको निःशर्त सहभागिताको सुनिश्चतितता गर्दै स्याहारका काम तथा अनौपचारिक क्षेत्रका कामलाई लैंगिक रुपान्तरणका दृष्टिले परिमार्जन गर्नु पर्ने;
- अन्य वैदेशिक रोजगारीमा जाने श्रमिकहरू सरह भारत रोजगारीमा जानेहरूको पनि अभिलेखीकरण गर्ने र बीमा एवम् कल्याणकारी योजनामा समेट्ने व्यवस्था मिलाइनु पर्ने;
- वैदेशिक रोजगारीसँग सम्बन्धित तथ्याङ्क बहुआयामिक तवरले अभिलेखीकृत र व्यवस्थित गर्नु पर्ने;
- गन्तव्य मुलुकमा नेपाली श्रमिकको अधिकार संरक्षणका लागि मानवीय एवम् अन्य स्रोत साधन सम्पन्न हुनेगरी कूटनीतिक क्षमता अभिवृद्धि गरी प्राथमिकताका साथ प्रमुख गन्तव्य देशहरूसँग द्विपक्षीय श्रम सम्झौता गर्नु पर्ने;
- विदेशमा घाइते, बिरामी, अलपत्र वा मृत श्रमिकका लागि शीघ्र र प्रभावकारी उद्धार तथा राहत संयन्त्र विकास गर्नु पर्ने; र
- विश्वका जुनसुकै स्थानमा भएका नेपाली नागरिकलाई निर्वाचनमा मतदानको अधिकार सुनिश्चत गर्नु पर्ने ।

राजनीतिक दलहरूले वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको योगदानलाई सम्मान गर्दै उपर्युक्त मुद्दाहरूलाई स्पष्ट नीति र प्रतिबद्धताका साथ घोषणापत्रमा समेट्दै आ-आफ्नो रणनीतिक कार्ययोजनामा समावेश गर्ने विश्वास लिएका छौं।

मितिः २०८२।१०।२१

...............................
कृष्ण प्रसाद न्यौपाने
अध्यक्ष


Kathmandu, Nepal, Tel: +977-9869805555
Email: nnsm2064@gmail.com, Web: www.nnsmnepal.org